# परोहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
लौकाहा,रौतहट,
प्रदेश नं.२, नेपाल

पत्र संख्या :-२०७६।०७७
चलानी नं :-११ ५९
प्राप्त पत्र संख्या र मिति:-

मिति :-२०७६/१२/०६

विषय:- निर्देशन सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै
परोहा नगरपालिका,रौतहट ।

उपर्युक्त विषयमा चिनको वुहान शहरबाट शुरु भई विश्वको १४० देश सम्म फैलिएको नोवेल करोना भाइरसका कारण हजारौ मानिसहरुको मृत्यु समेत भैसकेको अवस्थामा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।११।२३ गतेको विज्ञप्ति अनुसार २०७६।१२।०५ गते भित्र कक्षा १ देखि ९ सम्मको परीक्षा सम्पन्न गरि सक्नु पर्ने निर्देशन बमोजिम मिति २०७६।१२।०६ गते भित्र यस नगरपालिकाको सम्पूर्ण विद्यालयहरुको परीक्षा समेत सम्पन्न भईसकेकोले देहाय अनुसारको निर्देशन कार्यान्वयन गर्न गराउनु हुन यस नगरपालिकाको मिति २०७६।१२।०६ गतेका निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१.मिति २०७६।१२।०७ गते देखि अर्को सूचना नभएसम्म विद्यार्थीहरुलाई विदा दिई विद्यालय बन्द गर्ने ।
२.कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षाको उत्तरपुस्तिका सम्बन्धीत विषय शिक्षकहरुले आ-आफ्नो घरमै परीक्षण गर्ने ।
३. मिति २०७६।१२।२५ देखि २७ गते सम्म ३ दिन सम्पूर्ण शिक्षक कर्मचारी विद्यालयमा उपस्थित भई अलग अलग कोठामा बसी मार्कस लेजरमा प्राप्तांक प्रविष्ट गरी नतिजा तयार गर्ने ।
४.मिति २०७६।१२।२७ गते कै दिन नतिजा प्रकाशनको सूचना विद्यालयको सूचना पाटी लगायत विधुतिय संचार माध्यमबाट सार्वजनिक गर्ने र नतिजाको एक प्रति परोहा न.पा.शिक्षा शाखामा पेश गर्ने ।
५.विद्यालय परिसर भित्र कुनै किसिमको सभा , समारोह, सेमिनार जस्ता भिडभाड हुने खालको कार्यक्रम नगर्नु नगराउनु ।
६.हालको परिवेशमा विद्यालय बन्द भएको अवधी बारे पछि हुने निर्णयानुसार कार्यान्वयन गर्ने ।

(ओम प्रकाश यादव)
प्रमुख प्रशासकीय अधिकृत

ओम प्रकाश यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner